# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७९ आषाढ १३ गते सोमबार)

यस मुक्तिनाथ विकास बैंक लि. को शाखा कार्यालय ईलामबाट तपशिलमा उल्लेखित ऋणीले घरघडेरी कर्जा र पुर्नउत्थान कर्जा अर्न्तगत लिएको कर्जाहरुको साँवा, व्याज र अन्य दै दस्तुर समेत यसै संस्था संगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा पत्र मार्फत तरताकेता गर्दा समेत सोको वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, व्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

## तपशिल

<table>
<tr><th>ऋणीको विवरण</th><th>व्यक्तिगत धनजमानीहरुको विवरण</th></tr>
<tr><td rowspan="2"><br>नामः **लोक बहादुर खड्का**<br>बाबुको नामः लाल ध्वज खड्का<br>बाजेको नामः लाल बहादुर खड्का<br>स्थायी ठेगानाः पशुपतिनगर गाउँ पञ्चायत वडा नं.०३, इलाम<br>हालको ठेगानाः सुर्योदय न.पा.वडा नं.०२, इलाम<br>ना.प्र.नः २२३/१४८०<br>जारी मिति र जिल्लाः २०४३/१०/०२, इलाम</td><td><br>१. नामः **बेद कुमार खड्का**<br>बाबुको नामः लाल ध्वाज खड्का<br>बाजेको नामः लाल बहादुर खड्का<br>स्थायी ठेगानाः पशुपतिनगर गाउँ पञ्चायत वडा नं. ०३, इलाम<br>हालको ठेगानाः सुर्योदय न.पा.वडा नं. ०२, इलाम<br>ना.प्र.नः १२१७/१४७१<br>जारी मिति र जिल्लाः २०४४/१२/१३, इलाम</td></tr>
<tr><td><br>२. नामः **वेद प्रसाद खड्का**<br>बाबुको नामः लोक ब. खड्का<br>बाजेको नामः लाल ध्वज खड्का<br>स्थायी ठेगानाः पशुपतिनगर गा.वि.स. वडा नं. ०३, इलाम<br>हालको ठेगानाः सुर्योदय न.पा.वडा नं. ०२, इलाम<br>ना.प्र.नः ५७<br>जारी मिति र जिल्लाः २०६२/०८/०२, इलाम</td></tr>
</table>

**१. धितो सुरक्षणको विवरणः**

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| लोक बहादुर खड्का | इलाम जिल्ला, बौद्धधाम गा.वि.स. वडा नं. ३ ग | ९३ | २३-०-०-० (रोपनी) | उल्लेखित जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**

**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Kathmandu Plaza, Kamaladi, Kathmandu,
Toll Free No.: 16600149999, E-mail:info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ